# सिमकोट गाँउपाीलका, हुम्ला

## स्थानीय राजपत्र

खण्डः १ संख्या : ५ मितिः २०७४/०९/०१

## भाग - २

# सिमकोट गाउँपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४

## सिमकोट गाँउपालिका, हुम्ला

कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/०९/०१
राजपत्रमा प्रकाशन मिति : २०७९/१०/०२

# सिमकोट गाउँपालिका

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

पारित मिति : २०७४।९।१ सिमकोट

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस गाउपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोवन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउ कार्यपालिकाले गाउपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नांले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

पदम बहादुर लामा
अध्यक्ष

घ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ गाउपालिकाको संचित कोष बाट विपद व्यवस्थापन कोष र दैवि प्रकोक व्यवस्थापन शिर्षकमा विनियोजन गरिएको पहिलो पटक रु. २०,००,०००। अक्षेरुपी रु बिस लाख रुपैया झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणा**

सिमकोट गाउपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल ाहत सहयोग पु-याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**८. नीति**

पदम बहादुर लामा
अध्यक्ष

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ गाउपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंग भंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी सिमकोट गाउकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा  वडाध्यक्षहरुको सिफारिसमा अध्यक्षबाट स्वीकृत भएपछि कोष बाट रकम खर्च गरिनेछ । तर गाउँ कार्यपालिकाको बैठकबाट अनुमादन गराउनु पर्नेछ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउसभा बाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम ,

### ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन  प्रचलित कानुन बमोजिम हुनेछ ।

### १२. प्रशासनिक व्यवस्था

आदम बहादुर लामा
अध्यक्ष

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउ कार्यपालिकाको कर्मचारी बाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

### १३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने

गाउपालिकाले गाउसभा बाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

### १४. जाँच पास तथा फरफारक

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

### १५. कार्यविधिको संशोधन

यस कार्यविधिलाई गाउकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

### १६. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

समाप्त